तिमीहरूमध्ये कोही पनि साँच्चिकै आस्थावान हुन सक्दैनौ जबसम्म उसको इच्छा मैले ल्याएको कुरा अनुरूप हुँदैन।

अबु मुहम्मद अब्दुल्लाह बिन अम्र बिन अल-आस (रदियल्लाहु अन्हुमा) बाट वर्णन गरिएको
छ, उहाँले भन्नुहुन्छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूमध्ये कोही पनि साँच्चिकै आस्थावान हुन सक्दैनौ जबसम्म उसको इच्छा मैले ल्याएको कुरा अनुरूप हुँदैन।"
[قال النووي: حديث صحيح] [رويناه في كتاب الحجة بإسناد صحيح]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ, कुनै व्यक्ति तबसम्म पूर्णतः आस्थावान् हुँदैन, जबसम्म उसको प्रेम र अभिरुचि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का आदेश र निषेधअनुसार हुँदैन। साँचो आस्थावान् त्यही हो, जसले रसूलले आदेश दिनुभएका कार्यहरूप्रति प्रेम राख्छ र जुन कुराहरूलाई निषेध गर्नुभएको छ, त्यसप्रति घृणा राख्छ।

http://www.sunnah.global/hadeeth/ne/show/66535